केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२६/०६७/६८

मितिः २०६८/२/२३

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,
यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि नेपाल क्लियरिङ्ग हाउसले पेश गरेको Nepal Electronic Cheque Clearing (ECC) Rule Book, Nepal Electronic Cheque Clearing (ECC) Operating Rule र Cheque Standard & Specification लागू गर्ने र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको नियमन, निरीक्षण, कारोबारका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०३ बमोजिम देहायको नियमन जारी गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन यो निर्देशन दिइएकोछ ।

(१) ECC को कारोबार सकिए पश्चात सेटलमेन्टका लागि ECC Rule Book मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय सँस्थाहरूको खर्च वा जम्मा गर्ने रकमको अन्तिम सारांश (Net Clearing Position) यस बैंकको बैंकिङ्ग कार्यालयमा पठाउने सम्बन्धमा निम्न तीन सत्रहरूलाई मात्र प्रारम्भिक रुपमा सञ्चालन गर्ने :-

| **क्लियरिङ्ग सत्र** | **Net Clearing Position प्राप्त गर्ने समय** | **सेटलमेन्ट हुने समय** |
|---|---|---|
| नियमित क्लियरिङ्ग सत्र (Regular Clearing Session) | दिउँसो ३:०० बजे | दिउँसो ३:१० बजे |
| पुराना ढाँचाका चेक/ड्राफ्ट क्लियरिङ्ग सत्र (Non-Standard Cheque/Draft Clearing Session) | दिउँसो २:०० बजे | दिउँसो २:१० बजे |
| पहिलो एक्सप्रेस क्लियरिङ्ग सत्र (First Express Clearing Session) | बिहान ११:३० बजे | बिहान ११:४० बजे |

(२) ECC कारोबारको खर्च वा जम्मा रकमको अन्तिम सारांश (Net Clearing Position) यस बैंकमा आएपछि सम्बन्धित सदस्यहरूको खातामा खर्च वा जम्मा (Debit or Credit) गर्ने सिलसिलामा कथंकदाचित खातामा रकम अपुग भएमा सोको व्यवस्था गर्न यस बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरूका लागि हिसाब मिलान दिन (Business Settlement Day) का लागि प्रचलित बैंकदर अनुरुप ब्याज लिई रकम पूर्ति गर्ने व्यवस्था कायम गर्ने र सो को भोलिपल्ट अनिवार्य रुपमा हिसाब मिलान गर्नुपर्ने । कथंकदाचित हिसाब मिलान हुन नसकेको खण्डमा दोस्रो दिन बैंकदरको दोब्बर, तेस्रो दिनदेखि तेब्बर बैंक दरका दरले हर्जाना लगाउने ।

(३) ECC पूर्ण सञ्चालनमा आएपछि यस बैंकको बैंकिङ्ग कार्यालयमा भुक्तानी तथा हिसाब मिलान केन्द्र (Payment & Settlement Centre) खडा गरी आवश्यकता अनुसार सो कार्यालयले Payment & Settlement सम्बन्धी कार्यको सुपरिवेक्षण गर्ने ।

(४) नेपाल क्लियरिङ्ग हाउसमा आबद्ध भई ECC कार्य गर्न चाहने बैंक तथा वित्तीय संस्थाहरुले नेपाल क्लियरिङ्ग हाउसबाट ECC संचालनमा आएको एक वर्ष भित्र निर्धारित Standard का चेकहरू

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

छपाई गरी सो प्रणाली मार्फत कारोबार गर्ने ।

(५) उल्लिखित Nepal ECC Rule Book, Nepal ECC Operating Manual, and Cheque Standard & Specification मा यस बैंकबाट आवश्यकता अनुसार संशोधन हुन सक्ने ।

(६) उल्लिखित Nepal ECC Rule Book, Nepal ECC Operating Manual र Cheque Standard & Specification यसैसाथ संलग्न छ ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१३. श्री नेपाल क्लियरिंग हाउस लि., हेरिटेजप्लाजा, काठमाण्डौं ।